# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(........वार्षिक प्रतिवेदन........ शाखा)

पत्र संख्या :- ०७६।७७

चलानी नं. :- ९०

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/०४/०१

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री उच्च सरकारी वकील कार्यालयहरु, सबै ।
श्री जिल्ला सरकारी वकील कार्यालयहरु, सबै ।

**विषय: मासिक तथा वार्षिक प्रतिवेदनको फाराम सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा मिति २०७५/०५/०१ देखि मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ कार्यान्वयनमा आएको र नयाँ संहिता बमोजिम यस कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुले सम्पादन गरेका काम कारवाहीहरुलाई मासिक तथा वार्षिक प्रतिवेदनका रुपमा पेश गर्न महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७४/०३/३२ को निर्णयले मासिक तथा वार्षिक प्रतिवेदनका फारामहरु निर्धारित गरेको विदितै छ । महान्यायाधिवक्ताको कार्यालयबाट उच्च सरकारी वकील कार्यालयहरुका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि ११ (ती मध्ये फाराम नं १ देखि ६ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि ११ सम्म वार्षिक प्रतिवेदन), विशेष सरकारी वकील कार्यालयका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि ११ (ती मध्ये फाराम नं १ देखि ७ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि ११ सम्म वार्षिक प्रतिवेदन), जिल्ला सरकारी वकील कार्यालयहरुका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि १५ (ती मध्ये फाराम नं १ देखि ११ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि १५ सम्म वार्षिक प्रतिवेदन) निर्धारण गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयबाट तोकिएको ढाँचामा मासिक तथा वार्षिक प्रतिवेदनहरु तयार गरी सबै कार्यालयहरुले वार्षिक प्रतिवेदन साउन १५ गते भित्र र मासिक प्रतिवेदन ७ गते भित्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउन हुन अनुरोध छ । साथै, जिल्ला सरकारी वकील कार्यालयहरुले मासिक र वार्षिक प्रतिवेदन सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा समेत पठाउन अनुरोध छ । सम्बन्धित उच्च सरकारी वकील कार्यालयहरुले मातहतका सरकारी वकील कार्यालयहरुबाट प्राप्त प्रतिवेदन नियमित आए नआएको र महान्यायाधिवक्ताको कार्यालयबाट निर्धारित ढाँचामा भए नभएको र तथ्यांक मेल खाए नखाएको समेत हेरी कुनै त्रुटि देखिएमा आवश्यक निर्देशन दन र प्राप्त प्रतिवेदनहरु व्यवस्थित गरी राख्न समेत अनुरोध गर्दछु । सबै कार्यालयहरुको लागि महान्यायाधिवक्ताको कार्यालयबाट निर्धारित मासिक तथा वार्षिक प्रतिवेदनका फारामहरु यस कार्यालयको वेब साइटमा राखिएको छ । उल्लिखित फाराम भर्ने सम्बन्धमा कुनै समस्या वा जिज्ञासा भए देहायको नम्बरमा सम्पर्क राख्न समेत अनुरोध छ ।

उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी मोबाइल नं ९८४१३८४९९३
नायब सुब्बा श्री चन्दनकुमार ठाकुर मोबाइल नं ९८४४२७५१९१

२०७६।४।१

..........................
(सोमकान्ता भण्डारी)
उपन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

E:\annual reports\पत्रचार.doc

Scanned with CamScanner